## वैठक नं. ६

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ ले व्यवस्था गरेको समन्वय समितिले मिति २०७५।०५।०६ मा गठन गरेको यस जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समितिको आज मिति २०८०।०४।१४ गते आईतबार जिल्ला सरकारी वकील कार्यालय, बर्दियामा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : संयोजक

श्री मोहनप्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दियाः सदस्य

श्री सुधिरराज शाही, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दियाः सदस्य

श्री टंक गुरुङ, निमित्त डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बर्दियाः सदस्य

श्री बद्रिबिनोद दाहाल, निमित्त प्रमुख संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयः सदस्य

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : सदस्य सचिव

आमन्त्रितः

श्री हृदेशकुमार सापकोटा, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया

श्री मविन बोहरा, अस्पताल ब्यवस्थापक, बर्दिया जिल्ला अस्पताल

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

**प्रस्तावहरु**

१) सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमा ।

२) कानूनको विवादमा परेका बालबालिकाहरुको मुद्दामा दिशान्तर गर्ने सम्बन्धमा ।

३) पीडितको पुर्नस्थापना सम्बन्धमा ।

निर्णयहरूः

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका विभिन्न कानूनहरुमा सजाय छुट सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकारबाट सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० समेत जारी भइसकेको अवस्थामा अनुसन्धान गर्ने निकाय प्रहरी र

अभियोजन गर्ने निकाय सरकारी वकीलबाटसमेत बर्दिया जिल्लामा सजाय छुट सम्बन्धी मागदावीको अभ्यास गरी अभियोजन समेत भएको छ । अनुसन्धान गर्ने निकायहरुले बयान र सोधपुछका क्रममा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिका सहित जाहेरवाला/पीडितलाई सजाय छुटको विषयमा जानकारी गराई अनुसन्धानको प्रारम्भिक चरणदेखि नै सजाय छुट लिन सकिने मुद्दाहरुको बारेमा छलफल गरी प्रभावकारी रुपमा कार्यान्वयन गरी अभ्यास गरेमा मुद्दालाई छिटो छरितो रुपमा निरुपण गर्न समेत अदालत र मुद्दा हेर्ने अधिकारीलाई सघाउ पुग्ने भएकाले सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ मा अनुसन्धान अधिकारी र सरकारी वकीलले समेत दिशान्तर गर्न सक्ने व्यवस्था गरेकोमा उक्त कानूनी व्यवस्थालाई प्रयोगमा ल्याई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २८ दिशान्तर गर्दा विचार गर्नु पर्ने र दफा २९ दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रियालाई विचार गरी बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी दिशान्तर गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । यस बर्दिया जिल्लामा दिशान्तर सम्बन्धी अभ्यास समेत प्रहरी अनुसन्धान अधिकारीको समन्वयमा सरकारी वकीलबाट भएको अवस्था छ । अनुसन्धान अधिकारी र सरकारी वकीलले दिशान्तर गर्न सक्ने मुद्दाहरुको सन्दर्भमा पीडित/जाहेरवाला र कानूनको विवादमा परेका बालबालिकाहरु र तिनका अभिभावकलाई अनुसन्धान गर्ने निकायले यस विषयमा जानकारी गराई सरकारी वकीलसँग मुद्दाको अनुसन्धानको प्रारम्भिक चरणदेखि नै छलफल गरी बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी अनुसन्धान अधिकारीले दिशान्तर गर्न सकिने मुद्दामा अनुसन्धान अधिकारीले दिशान्तर प्रकृया अवलम्बन गर्ने र सरकारी वकीलबाट दिशान्तर गर्न सकिने मुद्दाहरुमा अनुसन्धान अधिकारीले अनुसन्धान चरणदेखि नै समन्वय गरी अनुसन्धान प्रतिवेदनमा समेत दिशान्तर विषयमा सिफारिस गरी सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउने कार्य गर्ने । अनुसन्धान अधिकारी र सरकारी वकीलले कानूनको विवादमा परेका बालबालिकाहरुको मुद्दामा दिशान्तर प्रकृया अवलम्बन गर्दा न्याय निरुपणमा सहयोग पुग्नुका साथै कानूनको विवादमा परेका बालबालिकाहरुको समेत सर्वोत्तम हित हुने भएकाले दिशान्तर प्रकृयालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा यौनजन्य हिंसाका पीडित महिला, मानव बेचबिखन मुद्दाका पीडित, यौनजन्य हिंसा र अन्य मुद्दाका शारीरिक यातना प्राप्त पीडित बालबालिका उपर कसूर भएको सूचना प्राप्त हुने बित्तिकै उद्धार र पुर्नस्थापना



२०८०।४।१४

गर्ने कार्यमा अनुसन्धान गर्ने निकायले सरकारी वकीललाई कसूरको जानकारी गराएर समन्वय गरी सरोकारवाला सरकारी र गैरसरकारी निकायहरुसँग सहयोग र समन्वय गरी पीडितको पुर्नस्थापना र उद्धार गरी मनोसामाजिक परामर्श उपलब्ध गराउने कार्यमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । संरक्षण र पुर्नस्थापना आवश्यक पर्ने पीडित र विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाहरुको उचित संरक्षण र पुर्नस्थापनाका लागि सरकारका निकायहरुसँग अनुसन्धान गर्ने निकाय र सरकारी वकीलले जिल्ला प्रशासन कार्यालयसँग सहयोग लिएर समन्वय गरी पीडितको पुर्नस्थापना सम्बन्धमा आवश्यक कार्य गर्ने निर्णय गरियो ।

२०८०।८।१४